# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड७ )जनकपुरधाम,नेपाल,साउन२९गते,२०८०साल(पुर्वअतिरिक्ताङ्क२

भाग ३

मधेश प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

## आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८०

प्रस्तावनाः मधेश प्रदेशका विपन्न तथा असहाय वा वेवारिसे नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउन एवम् कडा रोगका लागि उपचार

सहायता उपलब्ध गराउने कार्यलाई एकीकृत, वस्तुगत, पारदर्शी एवम् सरल बनाउने सन्दर्भमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायको कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आर्थिक सहायता"** भन्नाले मधेश प्रदेशका विपन्न तथा असहाय वा विवारिसे नागरिकलाई दिइने आर्थिक सहायतालाई सम्झनु पर्छ ।

(ख) **"कडा रोग"** भन्नाले मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, कलेजो, अप्लाष्टिक एनिमिया, सिकलसेल एनिमिया, थालिसिमिया, मस्तिष्कघात, अर्थराइटीस रोगहरुलाई सम्झनु पर्छ।

(ग) **"मेडिकल बोर्ड"** भन्नाले प्रचलित कानून बमोजिम गठित मेडिकल बोर्डलाई सम्झनु पर्छ ।

(घ) **"प्रदेश"** भन्नाले मधेश प्रदेशलाई सम्झनु पर्छ।

(ङ) **"विपन्न नागरिक"** भन्नाले प्रचलित कानून बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले विपन्न नागरिक भनी सिफारिस गरेको नागरिकलाई सम्झनु पर्छ ।

(च) **"असहाय वा विवारिसे नागरिक"** भन्नाले प्रचलित कानून बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कसैको संरक्षकत्व नरहेको वा असक्त रहेको भनी सिफारिस गरेको नागरिकलाई सम्झनु पर्छ।

(झ) **"स्थानीय तह"** भन्नाले मधेश प्रदेश भित्रका गाँउपालिका,नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## आर्थिक सहायता उपलब्ध गराउने प्रकृया

३. **निवेदन दिनु पर्नेः** (१) प्रदेश भित्रका आर्थिक रुपले विपन्न तथा असहाय वा बेवारिसे नागरिकले आर्थिक सहायता प्राप्त गर्नको लागि मन्त्रालय समक्ष अनुसूची-१(क) बमोजिमको ढाँचामा गृह, सञ्चार तथा कानून मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) कडा रोग लागी चरम गरिबी र आर्थिक अभावका कारणले त्यस्तो रोगको उपचार गर्न असमर्थ नागरिकले उपचार सहायता प्राप्त गर्नका लागि अनुसूची-१ (ख) बमोजिमको ढाँचामा चिकित्सकले दिएको प्रेष्क्रिप्शन र उपचारसँग सम्बन्धित कागजात सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन मुख्यमन्त्रीलाई सोझै संवोधन गरी दिन सकिनेछ र मुख्यमन्त्रीले त्यस्तो निवेदन प्रमुख स्वकीय सचिव वा स्वकीय सचिव मार्फत आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) यस अघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक सहायता वा उपचार सहायता प्राप्त गर्न दिएका निवेदनहरु मध्ये स्वास्थ्य उपचारसँग सम्बन्धित निवेदनहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा र अन्य आर्थिक सहायताको निवेदनहरु प्रमुख स्वकीय सचिव वा स्वकीय सचिव मार्फत गृह, सञ्चार तथा कानून मन्त्रालयमा आवश्यक कारवाहीका लागि पठाउन सक्नेछ।

४. आर्थिक सहायता वा उपचार सहायता उपलब्ध गराइने: (१) दफा ३ बमोजिमको निवेदन दिने व्यक्तिलाई वार्षिक विनियोजित बजेटको सीमाभित्र रही दफा ५ बमोजिमको समितिको सिफारिसमा देहाय बमोजिमको आर्थिक सहायता वा उपचार सहायता उपलब्ध गराउन सकिनेछः-

(क) दफा ३ को उपदफा (१) बमोजिमको निवेदकलाई गृह, सञ्चार तथा कानून मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट औचित्यताका आधारमा पच्चीस हजार रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(ख) दफा ३ को उपदफा (२) बमोजिमको निवेदक वा निजको नजिकको हकवालालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट औचित्यताका

आधारमा पचार हजार रुपैयाँसम्म उपचार सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम उपचार सहायता रकम प्राप्त गर्न नेपाल भित्रको अस्पतालमा उपचार गराएको हुनु पर्नेछ ।

(३) प्रचलित कानूनमा लेखिएको कुराको हकमा सोही बमोजिम हुनेछ र अन्य कुराको हकमा यो कार्यविधिमा उल्लेख भए बाहेक अन्य प्रकारले आर्थिक सहायता वा उपचार सहायता प्रदान गरिने छैन ।

५. **समिति सम्बन्धी व्यवस्था**: (१) दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) प्रदेश सचिव,गृह, सञ्चार तथा कानून मन्त्रालय - संयोजक

(ख) प्रदेश सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) उप सचिव वा सो सरह, गृह, सञ्चार तथा कानून मन्त्रालय - सदस्य सचिव

(२) दफा (४) को उपदफा (१) को खण्ड (ख) बमोजिमको उपचार सहायता उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) प्रदेश सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - संयोजक

(ख) प्रदेश सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) उप सचिव वा सो सरह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिले प्राप्त निवेदन, सिफारिस र अन्य कागजातको जाँचबुझ गरी आधार, प्रमाण र औचित्यताका आधारमा मात्र रकम खुलाई आर्थिक सहायता वा उपचार सहायता उपलब्ध गराउन अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद-३
## विविध

६. **बजेट व्यवस्थापनः** यस कार्यविधि बमोजिम बार्षिक रुपमा आर्थिक सहायता वा उपचार सहायता उपलब्ध गराउने लाग्ने अनुमानित खर्च रकम बार्षिक बजेटमा व्यवस्था गर्नु पर्नेछ। बार्षिक बजेटमा व्यवस्था नभएमा सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयसँग बजेटको माग गर्न र अर्थ मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछ ।

७. **अभिलेख व्यवस्थापनः** यस कार्यविधि बमोजिम उपलब्ध गराइएको आर्थिक सहायता वा उपचार सहायता सम्बन्धी अभिलेख सम्बन्धित मन्त्रालयले प्रचलित कानून बमोजिम व्यवस्थित गरी राख्नुपर्नेछ।

८. **दोहोरो सहायता नदिइनेः** (१) कुनै पनि व्यक्तिलाई एउटै प्रयोजनका लागि एक पटक भन्दा बढी यस कार्यविधि बमोजिमको आर्थिक सहायता वा उपचार सहायता उपलब्ध गराईने छैन ।

(२) कुनै पनि व्यक्तिलाई एउटै कडा रोगमा एक पटक भन्दा बढी वा दोहोरो पर्ने गरी यस कार्यविधि बमोजिमको उपचार सहायता उपलब्ध गराईने छैन ।

(३) स्वास्थ्य बीमाले दिने क्षतीपूर्तिसँग दोहोरो पर्ने गरी उपचार सहायता उपलब्ध गराइने छैन ।

९. **<u>झुट्टा विवरण पेश गरी सहायता लिन नहुने</u>**: कसैले झुठो विवरण पेश गरी मन्त्रालय समेतलाई झुक्यानमा पारी आर्थिक सहायता वा उपचार सहायता लिन हुदैन। यसरी आर्थिक सहायता वा उपचार सहायता लिएको पाइएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ र प्रचलित कानून बमोजिम कारबाही समेत हुनेछ ।

१०. **<u>बाधा अड्चन फुकाउ</u>**: यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आई परेमा प्रचलित कानून र यस कार्यविधिको प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट अनुसूची-३ बमोजिमको ढाँचामा बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

११. **<u>खारेजी</u>**: "आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०८०" खारेज गरिएको छ । सो कार्यविधि बमोजिम भएका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१(क)

## (दफा ३ को उपदफा (१)सँग सम्वन्धित)

## आर्थिक रुपले विपन्न तथा असहाय वा वेबारिसे नागरिकले पेश गर्ने निवेदनको ढाँचा

माननीय मुख्यमन्त्रीज्यू,
वा
माननीय गृह, सञ्चार तथा कानून मन्त्रीज्यू,
मधेश प्रदेश, जनकपुरधाम।

**विषयः आर्थिक सहायता पाउँ।**

म आर्थिक रुपले विपन्न वा बेवारिसे नागरिकले देहाय बमोजिमको आर्थिक सहायताका लागि निवेदन पेश गरेको छु ।

१. नाम, थर र उमेरः
२. स्थायी ठेगानाः
३. परिवार (भए) को सदस्यको विवरणः
   क. बाबुको नाम, थरः
   ख. आमाको नाम,थरः
   ग. पति/पत्नीको नाम, थरः
   घ. छोरा/छोरीको नाम, थरः
४. सम्बन्धित स्थानीय तहको वडाले गरेको सिफारिस
५. आर्थिक सहायता माग गर्नुको कारणः
६. नागरिकताको प्रतिलिपिः
७. बैंक खाता नम्बर र बैंकको नाम

माथि लेखिएको व्यहोरा ठीक साँचो छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

नामः
दस्तखतः
मितिः
सम्पर्क नं.:

## अनुसूचि-१(ख)
## (दफा ३ को उपदफा (२) सँग सम्वन्धित)

## कडा रोग लागी चरम गरिबी र आर्थिक अभावका कारणले त्यस्तो रोगको उपचार गर्न असमर्थ नागरिकले उपचार सहायता माग गर्दा पेश गर्ने निवेदनको ढाँचा

माननीय मुख्यमन्त्रीज्यू,
वा
माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू,
मधेश प्रदेश, जनकपुरधाम।

विषयः उपचार सहायता पाउँ ।

मलाई कडा रोग लागी चरम गरिबी र आर्थिक अभावका कारणले त्यस्तो रोगको उपचार गर्न असमर्थ रहेकोले आर्थिक सहायता पाउन देहाय बमोजिमको विवरण सहित निवेदन पेश गरेको छु।यस अघि मैले यस प्रकारको सुविधा प्राप्त नगरेको व्यहोरा अनुरोध गर्दछु ।

१. नाम, थर र उमेरः
२. स्थायी ठेगानाः
३. परिवार (भए) को सदस्यको विवरणः
   क. बाबुको नाम, थरः
   ख. आमाको नाम,थरः
   ग. पति/पत्नीको नाम, थरः
   घ. छोरा/छोरीको नाम, थरः
४. सम्बन्धित स्थानीय तहको वडाले गरेको सिफारिस
५. आर्थिक सहायता माग गर्नुको कारणः
६. नागरिकताको प्रतिलिपिः
७. बैंक खाता नम्बर र बैंकको नाम

माथि लेखिएको व्यहोरा ठीक साँचो छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

नामः
दस्तखतः
मितिः
सम्पर्क नं.:

# अनुसूचि-२
## (दफा ५ को उपदफा (३) सँग सम्वन्धित)

## आर्थिक सहायता वा उपचार सहायता सिफारिस

१. निवेदकको नाम र फोन नम्बरः
२. निवेदकको ठेगानाः
३. बैङ्कको नाम र खाता नम्बरः
४. कारण खुलाउनेः
५. संलग्न कागजातहरु खुलाउनेः
६. सिफारिस गरिएको रकम खुलाउनेः

| | | |
|---|---|---|
| ................ | ............... | .......... |
| दस्तखत | दस्तखत | दस्तखत |
| संयोजक(समिति) | सदस्य(समिति) | सदस्य सचिव (समिति) |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

**निर्णयः**

माथिको विवरण र सिफारिस समितिको सिफारिसलाई ध्यानमा राखी रु.................(अक्षरेपी..........................रुपैयाँ) आर्थिक एवम् मानवीय सहायता दिनु ।

## अनुसूचि-३
(दफा १० सँग सम्वन्धित)

### बाधा अड्काउ फुकाउने आदेश

यस कार्यविधिको कार्यान्वयनमा परेको............................................................ विषयको द्विविधा वा बाधा अड्काउको सम्बन्धमा प्रचलित कानून विपरीत नहुने गरी देहाय बमोजिम गर्नेः-

(क)........................................

(ख)........................................

(ग)........................................

| |
|---|
| पदको छाप<br>समेत सम्बन्धित<br>ठाउँमा लगाउने |

मन्त्री

नामः

मन्त्रालयको नामः

दस्तखतः

मितिः

स्विकृत मिति ;२०८०।०४।२९

आज्ञाले,

रामकृष्ण पुडासैनी

प्रदेश सचिव